


जैविक विविधता महासन्धि
अन्तर्गत आनुवंशिक स्रोतमा पहुँच तथा
तिनको उपयोगबाट हुने लाभको पारदर्शी
र समन्यायिक बाँडफाँड सम्बन्धी

# नागोया अभिसन्धि

साभार: आवरण तस्वीर: Nagoya Protocol
पछाडि भागको चित्र: Oli, KP; Rana, PSJ; Peili, S; Rawal, RS; Chaudhary, RP (2012) *Caring for Our Transboundry Landscape-Illustrations from the Kailash Sacred Landscape.* Kathmandu: ICIMOD

# NAGOYA PROTOCOL
## ON
# ACCESS TO GENETIC RESOURCES AND THE FAIR AND EQUITABLE SHARING OF BENEFITS ARISING FROM THEIR UTILIZATION
## TO THE
# CONVENTION ON BIOLOGICAL DIVERSITY

## जैविक विविधता महासन्धि अन्तर्गत आनुवंशिक स्रोतमा पहुँच तथा तिनको उपयोगबाट हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड सम्बन्धी

# नागोया अभिसन्धि

मूल पाठ तथा अनुसूची

जैविक विविधता महासन्धिको सचिवालय
मन्ट्रीयल

जैविक विविधता महासन्धि
संयुक्त राष्ट्रसङ्घ

**जैविक विविधता महासन्धिको सचिवालय**
संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम
४१३ सेन्ट जाकूस स्ट्रिट वेष्ट, सुट ८००
मन्ट्रियल, क्यूवेक, क्यानाडा एच २ वाई १ एन ९
फोनः + १ (५१४) २८८ २२२०
फ्याक्सः + १ (५१४) २८८ ६५८८
इमेलः secretariat@cbd.int
वेवसाइटः www.cbd.int

© जैविक विविधता महासन्धिको सचिवालय
सबै अधिकार सुरक्षित । २०११ मा प्रकाशित
क्यानडामा छपाइ ।

आइ एस बी एनः ९२-९२२५-३०६-९

शैक्षिक तथा लाभरहित उद्देश्यका लागि स्रोतको उपयुक्त उल्लेख गरी प्रतिलिपि अधिकारप्राप्त (Copyright) संस्थाबाट विशेष स्वीकृति नलिइकननै यो प्रकाशनलाई पुनरुत्पादन गर्न सकिनेछ । यो दश्तावेजलाई स्रोतको रूपमा प्रयोग गरी प्रकाशन भएको एक प्रति प्राप्त भएमा महासन्धिको सचिवालयले प्रशंसा गर्नेछ ।

स्थानीय सूचीपत्र (Catalogue) रेकर्डः
जैविक विविधता सम्बन्धी महासन्धि अन्तर्गत आनुवंशिक स्रोतमा पहुँच तथा तिनको उपयोगबाट हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड सम्बन्धी नागोया अभिसन्धि मूल पाठ तथा अनुसूची / जैविक विविधता महासन्धिको सचिवालय ।

सङ्क्षिप्तः यो पुस्तिकामा जैविक विविधता महासन्धि अन्तर्गत आनुवंशिक स्रोतमा पहुँच तथा तिनको उपयोगबाट हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड सम्बन्धी नागोया अभिसन्धि मूल पाठ तथा अनुसूची रहेको छ – प्रकाशकबाट प्रदत्त ।
आइ एस बी एन : ९२-९२२५-३०६-९

१. जैविक विविधता संरक्षण – कानुन तथा ऐन २. वंशाणु स्रोत संरक्षण – कानुन तथा ऐन ३. जैविक विविधता – अन्तर्राष्ट्रिय सहयोग ४. जैविक विविधता संरक्षण

क. जैविक विविधता महासन्धि (१९९२) । अभिसन्धि, आदि, २०१० अक्टोवर २९
ख. जैविक विविधता महासन्धिको पक्ष राष्ट्रहरुको सम्मेलन ।
ग. संयुक्त राष्ट्रसङ्घ ।

के ३४८८ ए ४८ २०११

थप जानकारीका लागि कृपया जैविक विविधता महासन्धिको सचिवालयमा सम्पर्क गर्नुहोला ।

# परिचय

वातावरण र विकास सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (रियो "पृथ्वी शिखर" सम्मेलन) को समयपारि ५ जुन १९९२ का दिन जैविक विविधता महासन्धि हस्ताक्षरका लागि खुला गरियो र २९ डिसेम्बर १९९३ देखि लागु भयो । जैविक विविधतालाई व्यापकरूपमा सम्बोधन गर्नका लागि यो महासन्धि एक मात्र अन्तर्राष्ट्रिय संयन्त्र हो । यस महासन्धिका ३ वटा उद्देश्यहरुमा (क) जैविक विविधताको संरक्षण, (ख) यसका सम्पूरक अङ्गहरुको दीगो उपयोग र (ग) आनुवंशिक स्रोतहरुमा पहुँच र तीबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड रहेका छन् ।

तेस्रो उद्देश्यको थप विस्तार गर्दै कार्यान्वयनको लागि दिगो विकास सम्बन्धी (विश्व शिखर सम्मेलन, जोहानेशवर्ग, सेप्टेम्बर २००२) ले आनुवंशिक स्रोतहरुबाट प्राप्त लाभहरुको पारदर्शी र समन्यायिक बाँडफाँडको प्रवर्द्धन तथा सुरक्षण (safeguard) का लागि महासन्धिको प्रावधान अन्तर्गत अन्तर्राष्ट्रिय कानुनी संयन्त्र (regime) का लागि वार्ता गर्न आह्वान गऱ्यो । सन् २००४ मा सम्पन्न महासन्धिको पक्ष राष्ट्रहरुको सातौं सम्मेलनले यस [प्रस्ताव] लाई सम्बोधन गर्दै महासन्धिको ३ वटा उद्देश्यहरु र धारा १५ (आनुवंशिक स्रोतहरुमा पहुँच) र धारा ८ (ञ) (परम्परागत ज्ञान) को प्रभावकारी कार्यान्वयनका लागि आनुवंशिक स्रोतहरुमा पहुँच तथा लाभको बाँडफाँड सम्बन्धमा सबैका लागि खुला रहने तदर्थ कार्य समूहको स्थापना गरी पहुँच तथा लाभको बाँडफाँडका सम्बन्धमा अन्तर्राष्ट्रिय कानुनी संयन्त्रको विस्तार र तर्जुमाको लागि वार्ता गर्न जिम्मेवारी दिइयो ।

छ (६) वर्षसम्मको वार्ता पश्चातः तयार भएको जैविक विविधता सम्बन्धी महासन्धि अन्तर्गत आनुवंशिक स्रोतमा पहुँच तथा तिनको उपयोगबाट हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड सम्बन्धी नागोया अभिसन्धि (मूल पाठ) लाई जापानको नागोयामा सम्पन्न (महासन्धिको) पक्ष राष्ट्रहरुको दशौँ सम्मेलनले २९ अक्टोवर २०१० मा ग्रहण गऱ्यो ।

यस अभिसन्धिले आनुवंशिक स्रोतहरुको दाता र उपभोक्ता दुबैलाई कानुनी निश्चितता र पारदर्शीताको वलियो आधार प्रदान गर्दै महासन्धिको तेस्रो उद्देश्यलाई उल्लेखनीय रूपमा अगाडी सारेको छ । आनुबंशिक स्रोतहरुको प्रदायक पक्षको देशको कानुन वा नियमनका प्रावधान विशिष्टिकृत जिम्मेवारी (obligation) तथा आपसमा मन्जुर गरिएको शर्तहरुको पालनामा सहयोग पुऱ्याउनका लागि यो अभिसन्धि महत्त्वपूर्ण भएको छ । आनुवंशिक स्रोतहरुमा पहुँच सम्बन्धी प्रावधानहरु स्थापित गर्ने सम्भावित अवस्थाका लागि यसमा

उल्लेखित प्रावधानहरुले आनुवंशिक स्रोतको दाता पक्ष राष्ट्रले आनुवंशिक स्रोतहरु दिँदा हुने लाभको बाँडफाँडलाई सुनिश्चित गर्न योगदान पुऱ्याउने छ । यसैगरी, आदिवासी तथा स्थानीय समुदायका आनुवंशिक स्रोतहरुसँग सम्बन्धित परम्परागत ज्ञानमा पहुँच सम्बन्धी अभिसन्धिका प्रावधानहरुले यी समुदायका ज्ञान, नयाँ परिवर्तनकारी प्रयास तथा अभ्यासहरुको प्रयोगबाट प्राप्त हुने लाभ लिन यी समुदायको क्षमता सुदृढ गर्नेछ ।

आनुवंशिक स्रोतहरुको उपयोग र यसैसँग सम्बन्धित परम्परागत ज्ञानको प्रवर्द्धन तथा तिनको प्रयोगबाट प्राप्त लाभहरुको पारदर्शी र समन्यायिक बाँडफाँडका अवसरहरु सुदृढ गर्दै यस अभिसन्धिले जैविक विविधताको संरक्षण, यसका सम्पूरक अङ्गहरुको दिगो उपयोग तथा दिगो विकास र मानव कल्याणका लागि जैविक विविधताको योगदानमा थप बढावा दिन प्रोत्साहन दिनेछ ।

## जैविक विविधता महासन्धि अन्तर्गत
## आनुवंशिक स्रोतमा पहुँच तथा तिनको उपयोगबाट हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड सम्बन्धी

# नागोया अभिसन्धि

यस अभिसन्धिका पक्षहरुले,

जैविक विविधता सम्बन्धी महासन्धि (यसपछि महासन्धि भनिने) को पक्ष भएर,

आनुवंशिक स्रोतहरुको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड सम्बन्धी महासन्धिको ३ वटा उद्देश्यहरु मध्ये एक भएको स्मरण गर्दै, तथा महासन्धिको यो उद्देश्यको कार्यान्वयनका लागि यस अभिसन्धिले जोड दिने स्मरण गरेर,

महासन्धिका प्रावधानहरु बमोजिम आआफ्नो प्राकृतिक स्रोतहरुउपर राष्ट्रहरुको सार्वभौम अधिकार रहेको कुरामा पुनः दृढ भएर,

महासन्धिको धारा १५ लाई थप स्मरण गरेर,

महासन्धिको धारा १६ र १९ बमोजिम विकाससिल देशहरुमा आनुवंशिक स्रोतहरुमा थप मूल्य प्रदान गर्न अनुसन्धान र नयाँ तथ्य पत्ता लगाउने क्षमता बढाउन प्रविधि हस्तान्तरण र सहयोगले मद्धत गरेकोले दीगो विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको स्वीकार गरेर,

जैविक विविधताको संरक्षण तथा यसका सम्पूरक अङ्गहरुको दीगो उपयोगका लागि पारिस्थितिकिय प्रणाली (ecosystem) र जैविक विविधताको आर्थिक मूल्यवारे सार्वजनिक चेतना तथा जैविक विविधताका रक्षक (हेरचाहकर्ता) सँग यो आर्थिक मूल्यको पारदर्शी र समन्यायिक बाँडफाँड मुख्य प्रोत्साहन (incentive) हुने स्वीकार गरेर,

जैविक विविधताको संरक्षण र दिगो उपयोग, गरिबी उन्मुलन तथा वातावरणीय दीगोपना लगायत सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्न पहुँच तथा लाभको बाँडफाँडले मुख्य भूमिका खेल्दै योगदान पुऱ्याउने कुरालाई स्वीकार गरेर,

आनुवंशिक स्रोतहरुमा पहुँच तथा ती स्रोतहरुको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड बिचको सम्बन्ध (linkage) स्वीकार गरेर,

आनुवंशिक स्रोतहरुमा पहुँच तथा तिनको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँडका बारेमा महत्त्वपूर्ण कानुनी निश्चितता प्रदान गरेको स्वीकार गरेर,

आनुवंशिक स्रोतहरुका प्रदायक र उपभोक्ता (उपयोगकर्ता) बिच आपसी वार्तामा सहमति भए बमोजिम समन्यायिक (equity) र पारदर्शीताको महत्त्व अनुरूप प्रवर्द्धन गर्ने बारेमा थप दृढ भएर,

पहुँच तथा लाभको बाँडफाँडमा महिलाहरुको महत्त्वपूर्ण भूमिका स्वीकार गर्दै जैविक विविधताको संरक्षणको लागि नीति निर्माण तथा कार्यान्वयनका सबै तहमा महिलाहरुको पूर्ण सहभागिता आवश्यक रहेकोमा दृढ भएर,

महासन्धिको पहुँच र लाभको बाँडफाँड सम्बन्धी प्रावधानहरुको प्रभावकारी कार्यान्वयनका लागि थप सहयोग गर्न कटिवद्ध भएर,

सीमा वारपारको अवस्था वा जैवीक स्रोत र परम्परागत ज्ञान आदान प्रदान सम्भव भए नभएको वा पूर्व सूचना सहमति लिन सम्भव नभएको अवस्थामा आनुवंशिक स्रोतहरुको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड तथा आनुवंशिक स्रोतहरुसँग सम्बन्धित परम्परागत ज्ञानका सबाललाई सम्बोधन गर्न समाधानका नयाँ कुरा आवश्यक भएको स्वीकार गरेर,

खाद्य सूरक्षा, सार्वजनिक स्वास्थ्य, जैविक विविधताको संरक्षण तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि आनुवंशिक स्रोतहरुको महत्त्व रहेको स्वीकार गरेर,

कृषि जैविक विविधताको विशेष प्रकृति र यसका विशिष्टिकृत अङ्ग (features) र समस्याहरुको समाधानार्थ विशिष्टिकृत उपायहरु आवश्यक भएको स्वीकार गरेर,

खाद्य तथा कृषिका लागि आनुवंशिक स्रोतहरुका बारेमा सबै राष्ट्रहरुबीच अन्तरनिर्भरता रहेको एवं विश्वभर खाद्य सूरक्षा प्राप्त गर्न तिनीहरुको विशेष प्रकृति र महत्त्व लगायत जलवायु परिवर्तन तथा गरिबी निवारणका सन्दर्भमा कृषिको दीगो विकासको विशेष महत्त्व

रहेको स्वीकार्दै यस सन्दर्भमा खाद्य तथा कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतहरु सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको आधारभूत महत्त्व एवं खाद्य तथा कृषिका लागि वानस्पतिय आनुवंशिक स्रोतहरु सम्बन्धी खाद्य तथा कृषि सङ्गठन आयोगको महत्त्व स्वीकार गरेर,

विश्व स्वास्थ्य सङ्गठनको अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली (सन् २००५) एवं सार्वजनिक स्वास्थ्य सम्बन्धमा तयारी तथा सम्बोधनका लागि मानव रोगाणु/रोग उत्पन्न गर्ने सुक्ष्म जीव (pathogen) मा सुनिश्चित पहुँच महत्त्वपूर्ण भएको मनन् गरेर,

पहुँच तथा लाभको बाँडफाँड सम्बन्धमा अन्य अन्तर्राष्ट्रिय मञ्चहरुबाट भइरहेका कार्यहरु मनन् गरेर,

महासन्धिसँग मेल खाने गरी विकास भएको खाद्य तथा कृषिका लागि वानस्पतिय आनुवंशिक स्रोतहरु सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अन्तर्गत स्थापित पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी बहुपक्षीय प्रणालीलाई स्मरण गरेर,

महासन्धिको उद्देश्य प्राप्तिका लागि पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी अन्तर्राष्ट्रिय कानुनी संयन्त्र एक आपसमा सहयोगी हुनु पर्ने कुरालाई मनन् गरेर,

आनुवंशिक स्रोतहरुसँग सम्बन्धित परम्परागत ज्ञान र यस्ता ज्ञानको उपयोगबाट प्राप्त लाभको पारदर्शी र समन्यायिक बाँडफाँड बारेमा महासन्धिको धारा ८ (ञ) को सान्दर्भिकता स्मरण गरेर,

आनुवंशिक स्रोतहरु र परम्परागत ज्ञानबीचको अन्तरसम्बन्ध, तिनको आदिवासी तथा स्थानीय समुदायहरुसँग नछुट्टिने (घनिष्ट सम्बन्ध) प्रकृति, जैविक विविधताको संरक्षण र यसका सम्पूरक अङ्गहरुको दिगो उपयोग एवं यी समुदायको दिगो जीविकोपार्जनका लागि परम्परागत ज्ञानको महत्त्वलाई ध्यान दिएर,

आदिवासी तथा स्थानीय समुदायहरुसँग रहेको वा तिनको स्वामित्व भएको आनुवंशिक स्रोतहरुसँग सम्बन्धित परम्परागत ज्ञानको विविध अवस्थालाई स्वीकार गरेर,

आनुवंशिक स्रोतहरुसँग सम्बन्धित परम्परागत ज्ञानका अधिकारवालाको पहिचान गर्न आदिवासी तथा स्थानीय समुदायहरु तथा तिनीहरु विचको अधिकार रहेको मनन् गरेर,

जैविक विविधताको संरक्षण तथा दिगो उपयोगका लागि सम्पन्न (rich) सांस्कृतिक सम्पदा झल्किने गरी राष्ट्रहरुमा मौखिक, लिखित वा अन्य स्वरुपमा रहेको आनुवंशिक स्रोतहरुसँग सम्बन्धित परम्परागत ज्ञानको अद्वितीय अवस्थालाई थप स्वीकार गरेर,

आदिवासी जनताहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्रलाई ध्यान दिएर, तथा

यस अभिसन्धिमा आदिवासी तथा स्थानीय समुदायहरुको विद्यमान अधिकार कटौती भएको वा समाप्त पारेको अर्थ नलगाउन दृढ भएर,

देहाय बमोजिम मन्जुर गरेका छन्:

धारा-१
## उद्देश्य

जैविक विविधताको संरक्षण र यसका सम्पूरक अङ्गहरुको दीगो उपयोगमा मद्धत पुऱ्याउनका लागि आनुवंशिक स्रोतहरुमा उपयुक्त पहुँच तथा सम्बद्ध प्रविधिको उपयुक्त हस्तान्तरण एवं यी स्रोत र प्रविधिमा रहेको सर्बाधिकारलाई ध्यान दिदैं एवं उपयुक्त आर्थिक स्रोतमार्फत आनुवंशिक स्रोतहरुको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड गर्नु यस अभिसन्धि (protocol) को उद्देश्य रहेको छ ।

धारा-२
## शब्दहरुको प्रयोग

महासन्धिको धारा २ मा उल्लिखित शब्दहरुको परिभाषा यस अभिसन्धिको लागि लागु हुनेछ । यसका अतिरिक्त, यस अभिसन्धिको प्रयोजनको लागि:

क) "पक्षहरुको सम्मेलन" भन्नाले महासन्धिको पक्षहरुको सम्मेलन जनाउने छ ।

ख) "महासन्धि" भन्नाले जैविक विविधता महासन्धि सम्झनु पर्छ ।

---

यस अभिसन्धिमा उल्लिखित 'Indigenous' शब्दलाई यहाँ नेपालीमा आदिवासी भनिएको छ । जैविक विविधता सम्बन्धी महासन्धिको नेपाली अनुवादमा यो शब्दलाई स्वदेशी भनिएकाले भिन्नता देखिन्छ । यहाँ प्रोटोकललाई अभिसन्धि भनिएको छ र प्रोटोकल शब्द पनि प्रचलनमा रहेको छ ।

ग) "आनुवंशिक स्रोतहरुको उपयोग" भन्नाले आनुवंशिक स्रोतको जैविक रसायनिक अनुवंश र/वा अनुवंशमा अनुसन्धान र विकास लगायत महासन्धिको धारा २ मा परिभाषित जैविकप्रविधिको प्रयोगलाई समेत जनाउने छ ।

घ) "जैविकप्रविधि" (biotechnology) भन्नाले महासन्धिको धारा २ मा परिभाषित भए अनुसार उत्पादन गर्न र विशेष प्रयोगको लागि प्रशोधन गर्न वा परिवर्तन गर्न जैविक पद्धति, जीवित जीवाणुहरु वा तिनीहरुको परिवर्तनमा प्रयोग हुने कुनै पनि प्रकारको प्रविधिको प्रयोग सम्झनु पर्छ ।

ङ) "व्युत्पादित" (derivative) भन्नाले कृयाशिल वंशानुगत एकाइ नभएतापनि जैविक वा आनुवंशिक स्रोतहरुको आनुवंशिक प्रकटता (अभिव्यक्ति) वा अन्तरदहन (metabolism) अनुरूपको प्राकृतिक रूपमा रहने जैविक रसायनिक यौगिक सम्झनु पर्छ ।

## धारा-३
## क्षेत्र

महासन्धिको धारा १५ मा उल्लिखित क्षेत्र (scope) भित्र रहेर आनुवंशिक स्रोतहरु र त्यस्ता स्रोतहरुको उपयोगबाट प्राप्त लाभका बारेमा यो अभिसन्धि लागु हुनेछ । महासन्धिको कार्यक्षेत्रभित्र आनुवंशिक स्रोतहरुसँग सम्बद्ध परम्परागत ज्ञान र यस्ता ज्ञानको उपयोगबाट प्राप्त लाभका बारेमा पनि यो अभिसन्धि लागु हुनेछ ।

## धारा-४
## अन्तर्राष्ट्रिय सम्झौता तथा कानुनी संयन्त्रहरुसँगको सम्बन्ध

१. यस अभिसन्धिका प्रावधानहरु अनुसार अधिकार र जिम्मेवारीको अभ्यासबाट जैविक विविधतालाई गम्भिररूपमा नोक्सान गर्ने वा सङ्कटमा पुऱ्याउने कार्य बाहेक कुनै पनि विद्यमान अन्तर्राष्ट्रिय सम्झौताबाट सिर्जित कुनै पनि पक्षको अधिकार र जिम्मेवारी (वाचा बन्धन) लाई असर पार्ने छैन । यो प्रकरण अभिसन्धि र अन्य अन्तर्राष्ट्रिय कानुनी संयन्त्रबीच क्रमबद्ध (hierarchy) बनाउन लक्षित छैन ।

२. महासन्धि र यस अभिसन्धिको उद्देश्य प्राप्त गर्न सहयोग पुगेसम्म वा प्रत्युत्पादक नभएसम्म यस अभिसन्धिले अन्य विशिष्टिकृत पहुँच र लाभको बाँडफाँड सम्बन्धी सम्झौताहरु लगायत अन्य अन्तर्राष्ट्रिय सम्झौताहरुको विकास तथा कार्यान्वयनलाई हटाउने छैन ।

३. यस अभिसन्धिसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरुसँग सहमतीय सहयोग पुग्नेगरी यो अभिसन्धि कार्यान्वयन हुनेछ । यस्ता अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरु अन्तर्गतका तथा सम्बन्धित अन्तर्राष्ट्रिय सङ्गठनहरुबाट भइरहेका तथा उपयोगी कार्यहरु वा अभ्यासहरुलाई महासन्धिको र यस अभिसन्धिको उद्देश्य प्राप्त गर्न सहयोग पुगेसम्म वा प्रत्युत्पादक नभएसम्म सम्मान गर्नु पर्छ ।

४. पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी महासन्धिका प्रावधानहरु कार्यान्वयनका लागि यस अभिसन्धि कानुनी संयन्त्र हो । महासन्धि र यस अभिसन्धिको उद्देश्य प्राप्त गर्न विशिष्टिकृत अन्तर्राष्ट्रिय पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी कानुनी संयन्त्र मिल्दोजुल्दो (अविरोधी) भएसम्म वा प्रत्युत्पादक नभएको हदसम्म लागु हुनेछ र विशिष्टिकृत कानुनी संयन्त्र तथा विशिष्ट (निश्चित) आनुवंशिक स्रोतहरु समावेश भएको विशिष्टिकृत कानुनी संयन्त्रको हकमा पक्ष तथा पक्षहरुका लागि यस अभिसन्धि लागु हुने छैन ।

## धारा-५
## **लाभको पारदर्शी तथा न्यायिक बाँडफाँड**

१. महासन्धिको धारा १५ को प्रकरण ३ र ७ बमोजिम आनुवंशिक स्रोतहरुको उपयोग तथा तिनको पछि हुने प्रयोग र बिक्रीवितरणबाट प्राप्त लाभ त्यस्ता स्रोत उत्पत्ति भएका प्रदायक पक्ष वा महासन्धिको प्रावधान बमोजिम आनुबंशिक स्रोतहरु प्राप्त गर्ने पक्षसँग पारदर्शी र समन्यायिक प्रकारले बाँडफाँड गर्नु पर्नेछ । यस्तो बाँडफाँड आपसमा मन्जुर गरिएका शर्तहरुका आधारमा हुनेछ ।

२. उपयुक्ततानुसार प्रत्येक पक्षले कानुनी, प्रशासकीय वा नीतिगत उपायहरु लिदैं आदिवासी तथा स्थानीय समुदायहरुको स्वामीत्व रहेको आनुवंशिक स्रोतहरुको उपयोगबाट प्राप्त लाभ सुनिश्चित गर्ने उद्देश्यले त्यस्ता आनुवंशिक स्रोतहरु पहुँच र लाभ उपर आफ्नो देशको कानुन (domestic law) बमोजिम आदिवासी तथा स्थानीय समुदायहरुको स्थापित अधिकार बमोजिम आपसमा मन्जुर गरिएका शर्तहरुका आधारमा सम्बन्धित समुदायहरुसँग पारदर्शी र समन्यायिक रूपमा बाँडफाँड गर्नु पर्नेछ ।

३. माथि अनुच्छेद १ को कार्यान्वयनका लागि प्रत्येक पक्षले उपयुक्ततानुसार कानुनी, प्रशासकीय वा नीतिगत उपायहरु लिनेछ ।

४. अनुसूचीमा उल्लेख भएका हकमा असीमित (not limited to) लाभ अन्तर्गत मौद्रिक वा गैरमौद्रिक लाभ समावेश हुन सक्नेछ ।

५ उपयुक्ततानुसार प्रत्येक पक्षले कानुनी, प्रशासकीय वा नीतिगत उपायहरु लिदैं आनुवंशिक स्रोतहरुसँग सम्बद्ध परम्परागत ज्ञानको उपयोगबाट प्राप्त लाभको बाँडफाँड, यस्तो ज्ञान राख्ने आदिवासी तथा स्थानीय समुदायहरुसँग पारदर्शी र समन्यायिक प्रकारले गर्नेछ । यस्तो बाँडफाँड आपसमा मन्जुर गरिएका शर्तहरुका आधारमा हुनेछ ।

धारा-६

## आनुवंशिक स्रोतमा पहुँच

१. प्राकृतिक स्रोतमा सार्वभौम अधिकारको अभ्यास गर्दा, पहुँच र लाभको बाँडफाँड सम्बन्धमा आफ्नो देशको कानुन वा नियमनको आवश्यकताका (requirement) आधारमा उपयोगका लागि आनुवंशिक स्रोतहरुमा पहुँच पुर्‍याउँदा पक्षले अन्य कुरा निर्धारण गरेकोमा बाहेक स्रोत उत्पत्ति भएको प्रदायक पक्ष वा महासन्धिको प्रावधान बमोजिम आनुवंशिक स्रोत प्राप्त गर्ने पक्षसँग पूर्व सूचना सहमति लिनु पर्दछ ।

२. आफ्नो देशको कानुन बमोजिम प्रत्येक पक्षले उपयुक्ततानुसार पूर्व सूचना सहमति वा आदिवासी तथा स्थानीय समुदायहरुको संलग्नता र स्वीकृति सुनिश्चित गर्ने उद्देश्यले आनुवंशिक स्रोतहरुमा पहुँच सम्बन्धी अधिकार स्थापित भएको अवस्थामा पहुँच प्राप्त गर्नेछन् ।

३. माथिको अनुच्छेद १ बमोजिम प्रत्येक पक्षले पूर्व सूचना सहमति आवश्यक पर्ने अवस्थामा देहायका कार्यमा उपयुक्ततानुसार आवश्यक कानुन, प्रशासकीय वा नीतिगत उपायहरु लिनेछन्:

क) आफ्नो देशको पहुँच र लाभको बाँडफाँड सम्बन्धी कानुन वा नियमनको आवश्यकता बारेमा कानुनमा निश्चितता, स्पष्टता र पारदर्शीता प्रदान गर्न;

ख) आनुवंशिक स्रोतको पहुँच सम्बन्धमा स्वच्छ तथा स्वेच्छाचारी नभएको नियमावली तथा कार्यविधि प्रदान गर्न;

ग) पूर्व सूचना सहमतिको प्रयोग कसरी गर्ने भन्ने बारेमा जानकारी प्रदान गर्न;

घ) सक्षम राष्ट्रिय निकायले लागत प्रभावकारी तरिकाले र उपयुक्त समयावधिभित्र स्पष्ट र लिखित निर्णय प्रदान गर्ने;

ङ) पहुँचको समयमा दिइएको अनुमति पत्र वा पूर्व सूचना सहमति प्रदान सम्बन्धी यस्तै किसिमको निर्णयको प्रमाण र आपसमा मन्जुर गरिएका शर्तहरु स्थापना भएकोमा र पहुँच तथा लाभको बाँडफाँडसम्बन्धी सूचना केन्द्र (clearing-house) मा जानकारी प्रदान गर्न;

च) उपयुक्ततानुसार देशको कानुन बमोजिम, आनुवंशिक स्रोतहरुमा पहुँचका लागि आदिवासी तथा स्थानीय समुदायहरुको संलग्नता र स्वीकृति सम्बन्धमा पूर्व सूचना सहमति प्राप्त गर्ने आधार (criteria) र/वा प्रक्रिया निर्धारण गर्न; तथा

छ) आपसमा मन्जुर गरिएका शर्तहरुको आवश्यकता तथा स्थापना सम्बन्धी स्पष्ट नियम र कार्यविधि स्थापना गर्ने । यस्ता शर्तहरु लिखितमा निर्धारण गर्नु पर्छ र यसमा, अन्य कुराको अतिरिक्त, देहायका पक्षहरु समावेश हुन सक्छन्:

अ) विवादको समाधान सम्बन्धी दफा;

आ) बौद्धिक सम्पत्तिको अधिकार समेत लाभको बाँडफाँडका शर्तहरु;

इ) यदि भएमा, तेस्रो पक्षको प्रयोग सम्बन्धी शर्तहरु; तथा

ई) उपयुक्ततानुसार आशयको परिवर्तन सम्बन्धी शर्तहरु ।

धारा-७

## आनुवंशिक स्रोतसँग सम्बन्धी परम्परागत ज्ञानमा पहुँच

प्रत्येक पक्षले आफ्नो देशको कानुन बमोजिम आदिवासी तथा स्थानीय समुदायहरुको स्वामीत्वमा रहेको आनुवंशिक स्रोतसँग सम्बद्ध ज्ञान एवं आदिवासी तथा स्थानीय समुदायहरुको संलग्नता र स्वीकृति सम्बन्धमा पूर्व सूचना सहमति लिने तथा आपसमा मन्जुर गरिएका शर्तहरु स्थापित भएको सुनिश्चित गर्ने उद्देश्यले उपयुक्ततानुसार उपायहरु लिनेछन् ।

धारा-८

## विशेषरूपमा ध्यान दिनु पर्ने

पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी ऐन वा नियमनका आवश्यकताको विकास र कार्यान्वयन गर्दा प्रत्येक पक्षले देहाय बमोजिम गर्नेछन्:

क) मुख्यतया विकासशील राष्ट्रहरुमा जैविक विविधताको संरक्षण र दिगो उपयोगमा योगदान पुऱ्याउन गैरव्यावसायिक अनुसन्धानको उद्देश्य रहेको भएमा पहुँचका लागि सजिलो उपाय अपनाउँदै एवं यस्ता अनुसन्धानको लागि आशय परिवर्तनको आवश्यकतालाई मनन गर्दै अनुसन्धानलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने अवस्थाको सृजना गर्ने;

ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा निर्धारण भएबमोजिम मानव, जनावर वा वनस्पतिको स्वास्थ्यलाई नोक्सान वा खतरा पुऱ्याउने वर्तमान वा आसन्न [आउनै लागेको] आकस्मिक घटनाका बारेमा सम्मानजनक ध्यान दिने। पक्षहरुले आनुवंशिक श्रोतमा पहुँच तथा तिनको उपयोगबाट हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड अन्तर्गत विशेषत विकासशिल राष्ट्रहरुको आवश्यकता अनुसार सम्भव भएसम्म उपचारमा सहयोग पुऱ्याउने छ।

ग) खाद्य तथा कृषि एवं खाद्य सूरक्षाका लागि आनुवंशिक स्रोतको मुख्य भूमिका तथा महत्त्वलाई ध्यानमा राख्ने।

## धारा-९
## संरक्षण तथा दिगो उपयोगमा योगदान

पक्षहरुले आनुवंशिक स्रोतको उपयोगबाट प्राप्त लाभलाई जैविक विविधताको संरक्षण तथा यसको सम्पूरक अङ्गको दिगो उपयोगका लागि सिधै प्रयोग गर्न उपभोक्ता र प्रदायकलाई प्रोत्साहन गर्नेछन्।

## धारा-१०
## लाभको बाँडफाँड सम्बन्धी विश्व बहुपक्षीय संयन्त्र

पक्षहरुले आफ्नो सीमा क्षेत्र बाहिर पाइने वा पूर्व सूचना सहमति दिन र लिन असम्भव भएको अवस्थामा आनुवंशिक स्रोतसँग सम्बद्ध परम्परागत ज्ञान तथा आनुवंशिक स्रोतको उपयोगबाट प्राप्त लाभको पारदर्शी र समन्यायिक बाँडफाँडलाई सम्बोधन गर्न लाभको बाँडफाँड सम्बन्धी विश्व बहुपक्षीय संयन्त्रको आवश्यकता र कार्यविधि/तरिकामा (modalities) ध्यान दिनेछन्। यी संयन्त्रहरुको प्रयोग गरी आनुवंशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञान तथा आनुवंशिक स्रोतको उपभोगबाट प्राप्त लाभलाई जैविक विविधताको संरक्षण तथा यसका सम्पूरक अङ्गहरुको दिगो उपयोगका लागि विश्वब्यापीरूपमा सहयोग पुग्नेगरी प्रयोग हुनेछ।

धारा-११

## सीमापार सहयोग

१. एकभन्दा बढी पक्षको क्षेत्रभित्र यथास्थानमा पाइने आनुवंशिक स्रोतको हकमा यी पक्षहरुले सम्बन्धित आदिवासी तथा स्थानीय समुदायहरुको संलग्नतामा र उपयुक्त भएमा यस अभिसन्धिलाई कार्यान्वयन गर्ने धारणा बमोजिम उपयुक्ततानुसार एक आपसमा सहयोग गर्न प्रयत्न गर्नेछन् ।

२. एक वा धेरै आदिवासी तथा स्थानीय समुदायहरुले धेरै पक्ष राष्ट्रमा आनुवंशिक स्रोतसँग सम्बद्ध रहि परम्परागत ज्ञान वाँडफाँड गरेको अवस्थामा, यी पक्षहरुले त्यस्ता आदिवासी तथा स्थानीय समुदायहरुको संलग्नतामा यस अभिसन्धिको उद्देश्य कार्यान्वयन गर्ने हेतुले उपयुक्ततानुसार सहयोगका लागि प्रयत्न गर्नेछन् ।

धारा-१२

## आनुवंशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञान

१. यस अभिसन्धि अन्तर्गतका जिम्मेवारी (प्रतिबद्धता) को कार्यान्वयनका क्रममा, पक्षहरुले आनुवंशिक स्रोतसँग सम्बद्ध परम्परागत ज्ञानको सम्मान गर्दै आफ्नो देशको कानुन बमोजिम लागु हुने भएमा आदिवासी तथा स्थानीय समुदायहरुको परम्परागत कानुन, सामुदायिक प्रक्रिया तथा कार्यविधिहरुलाई ध्यान दिनेछन् ।

२. पक्षहरुले सम्बन्धित आदिवासी तथा स्थानीय समुदायहरुको प्रभावकारी सहभागितामा आनुवंशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञानको सम्भावित उपभोक्तालाई सूचित गर्न यस्ता ज्ञानको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी तथा समन्यायिक बाँडफाँड एवं पहुँच र लाभको बाँडफाँड सम्बन्धी सूचना प्रवाह गर्न उपलब्ध सूचना केन्द्र (clearing-house) का उपायहरु समेतमा ध्यान दिई संयन्त्रको स्थापना गर्नेछन् ।

३. पक्षहरुले आदिवासी तथा स्थानीय समुदायहरु र ती समुदायभित्र रहेका महिलासमेतको सहभागितामा उपयुक्ततानुसार देहायका विषयमा विकास गर्न सहयोग गर्ने प्रयत्न गर्नेछन्:

   क) आनुवंशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञानको पहुँच एवं यस्ता ज्ञानको प्रयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँडका लागि सामुदायिक प्रक्रिया;

ख) आनुवंशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञानको प्रयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड सुरक्षित गर्न आपसमा मन्जुर गरिएका शर्तहरुको न्यूनतम आवश्यकता; तथा

ग) आनुवंशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञानको प्रयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँडका लागि नमुना सम्झौताका दफाहरु ।

४. महासन्धिको उद्देश्य बमोजिम यस अभिसन्धिको कार्यान्वयनका क्रममा पक्षहरुले सम्भव भएसम्म आनुवंशिक स्रोतको आदानप्रदान एवं आदिवासी तथा स्थानीय समुदायभित्र र तिनीहरुसँग रहेको परम्परागत ज्ञानको परम्परागत प्रयोग रोक्ने छैनन् ।

## धारा-१३
## आधिकारिक राष्ट्रिय र सक्षम राष्ट्रिय निकाय

१. प्रत्येक पक्षले पहुँच तथा लाभको बाँडफाँडका सम्बन्धमा एक राष्ट्रिय आधिकारिक केन्द्र तोक्नेछन् । राष्ट्रिय केन्द्रले देहाय बमोजिम उपलब्ध सूचना प्रवाह गर्नेछ :

क) आनुवंशिक स्रोतमा पहुँच पाउन चाहने निवेदकलाई पूर्व सूचना सहमति प्राप्त गर्ने कार्यविधि र आपसमा मन्जुर गरिएका शर्तहरु लगायत लाभको बाँडफाँड सम्बन्धी सूचना;

ख) आनुवंशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञानमा पहुँच लिन चाहने निवेदकलाई सम्भव भएसम्म पूर्व सूचना सहमति प्राप्त गर्ने वा उपयुक्ततानुसार आदिवासी तथा स्थानीय समुदायहरुको संलग्नता र स्वीकृति सम्बन्धी कार्यविधि तथा आपसमा मन्जुर गरिएका शर्तहरु लगायत लाभको बाँडफाँड सम्बन्धी सूचना; तथा

ग) सक्षम राष्ट्रिय निकाय (authorities), सम्बद्ध आदिवासि र स्थानीय समुदायहरु र सम्बद्ध सरोकारवालाहरु सम्बन्धी सूचना ।

सचिवालयसँग सम्पर्क गर्ने कार्यमा आधिकारिक राष्ट्रिय केन्द्र जिम्मेवार हुनेछ ।

२. प्रत्येक पक्षले पहुँच तथा लाभको बाँडफाँड सम्बन्धमा एक वा धेरै सक्षम राष्ट्रिय निकाय तोक्ने छन् । उपयुक्त राष्ट्रिय कानुन, प्रशासकीय वा नीतिगत उपायहरु बमोजिम पहुँचमा अनुमति दिन सक्षम राष्ट्रिय निकाय जिम्मेवार हुनेछन् वा उपयुक्ततानुसार पहुँचका आवश्यकताहरु पुरा भएको लिखित प्रमाण दिन र उपयुक्त कार्यविधि बारेमा सल्लाह दिन तथा पूर्व सूचना सहमति प्राप्त गर्न एवं आपसमा मन्जुर गरिएका शर्तहरु लागु गर्न जिम्मेवार हुनेछन् ।

३. पक्षले आधिकारिक राष्ट्रिय केन्द्र र सक्षम राष्ट्रिय निकाय दुबैको कार्य गर्न एक निकायलाई तोक्न सक्नेछ ।

४. प्रत्येक पक्षले यस अभिसन्धि आरम्भ हुने दिन भन्दा अगावै राष्ट्रिय केन्द्र र सक्षम राष्ट्रिय निकाय बारे सम्पर्क गर्ने सूचना सचिवालयमा पठाउने छ । पक्षले एकभन्दा बढी सक्षम राष्ट्रिय अधिकारी तोकेको अवस्थामा यी निकाय वर्गका आआफ्नो जिम्मेवारी सम्बन्धी सम्बद्ध सूचना सचिवालयलाई सूचित गर्दाकै समयमा पठाउनेछ । यस्ता सूचनामा उपयुक्ततानुसार न्यूनतम पनि कुन सक्षम अधिकारी आनुवंशिक स्रोतप्रति जिम्मेवार छ स्पष्ट गर्नुपर्छ । प्रत्येक पक्षले राष्ट्रिय आधिकारिक केन्द्र वा सम्पर्क सूचना वा सक्षम निकायको जिम्मेवारीमा कुनै परिवर्तन भएमा सचिवालयलाई सूचित गर्नुपर्छ ।

५. माथि प्रकरण ४ बमोजिम प्राप्त सूचनालाई केन्द्रको सचिवालयले पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी सूचना केन्द्रबाट उपलब्ध गराउनेछ ।

धारा-१४

## पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी सूचना केन्द्र तथा सूचना आदानप्रदान

१. महासन्धिको धारा १८, अनुच्छेद ३ बमोजिम सूचना केन्द्र संयन्त्रको अङ्गको रूपमा पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी सूचना केन्द्र स्थापना गरिएको छ । यसले पहुँच र लाभको बाँडफाँडसँग सम्बन्धित सूचना आदान प्रदानको कार्य गर्नेछ । वास्तवमा, यसले प्रत्येक पक्षले यस अभिसन्धि कार्यान्वयनसँग सम्बद्ध उपलब्ध गराएका सूचनाहरुमा पहुँच प्रदान गर्नेछ ।

२. गोप्य सूचनाको संरक्षणमा हानी नपुऱ्याई प्रत्येक पक्षले पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी सूचना केन्द्रमा यस अभिसन्धि बमोजिम आवश्यक सबै सूचना तथा यस अभिसन्धि अन्तर्गत पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनले गरेका निर्णयहरु बमोजिम आवश्यक सूचना उपलब्ध गराउनेछन् । सूचनामा देहायका कुरा समावेश हुनेछन्:

क) पहुँच तथा लाभको बाँडफाँड सम्बन्धमा कानुनी, प्रशासकीय एवं नीतिगत उपायहरु;

ख) आधिकारिक राष्ट्रिय केन्द्र र सक्षम निकाय सम्बन्धी सूचना; तथा

ग) पूर्व सूचना सहमति तथा आपसमा मन्जुर गरिएका शर्तहरुको स्थापना बारेमा प्रदान गरेको निर्णयको प्रमाण स्वरूप पहुँचको समयमा प्रदान गरिएको अनुमति पत्र वा सो समानका कागजात ।

३. उपयुक्ततानुसार उपलब्ध भएसम्म देहायका थप सूचना सामग्री समावेश हुन सक्नेछन्:

क) आदिवासी तथा स्थानीय समुदायहरु सम्बद्ध सक्षम राष्ट्रिय अधिकारीवर्ग तथा सो सम्बन्धी निर्णयको सूचना;

ख) नमुना सम्झौता का दफाहरु;

ग) आनुवंशिक स्रोतहरुको अनुगमनका लागि विकास गरिएको तरिका तथा विधिहरु (tools); तथा

घ) आचार संहिता र सबैभन्दा राम्रा अभ्यासहरु ।

४. पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी सूचना केन्द्रको कार्यविधि (modalities) तथा सञ्चालन लगायत यसका कार्यहरु रहेको प्रतिवेदनहरुमा तथा यस अभिसन्धि अन्तर्गत पक्षहरुको सम्मेलनको रूपमा कार्य गर्ने पक्षहरुको पहिलो बैठकले गरेका निर्णय र त्यसपछिको पुनरावलोकनलाई ध्यान दिइने छ ।

धारा-१५

## पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी स्वदेशी कानुन तथा नियमनका आवश्यकताको पालना

१. प्रत्येक पक्षले आफ्नो कानुनी क्षेत्राधिकारभित्रका प्रयोगमा आएका आनुवंशिक स्रोतहरु प्रदान गर्न उपयुक्त, प्रभावकारी तथा सापेक्ष कानुनी, प्रशासकीय वा नीतिगत उपायहरु लिदैं पूर्व सूचना सहमति एवं पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी देशको कानुन वा अन्य पक्षको नियमनका आवश्यकतालाई ध्यान दिई आपसमा मन्जुर गरिएका स्थापित शर्तहरु बमोजिम पहुँच पुऱ्याउने छन् ।

२. पक्षहरुले माथि अनुच्छेद १ बमोजिम स्वीकारेका उपायहरुको पालना नभएमा सो लाई सम्बोधन गर्न उपयुक्त, प्रभावकारी तथा सापेक्ष उपायहरु लिनेछन् ।

३. पक्षहरुले माथि अनुच्छेद १ मा उल्लिखित पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी स्वदेशी कानुन वा नियमन आवश्यकताहरुको उल्लङ्घन भएको अवस्थामा सकेसम्म र उपयुक्ततानुसार मिलेर काम गर्नेछन् ।

धारा-१६

## आनुवंशिक स्रोतसँग सम्बद्ध परम्परागत ज्ञानको पहुँच र लाभको बाँडफाँड सम्बन्धी स्वदेशी कानुन तथा नियमनका आवश्यकताको पालना

१. प्रत्येक पक्षले उपयुक्ततानुसार आफ्नो कानुनी क्षेत्राधिकारभित्रका प्रयोगमा आएका आनुवंशिक स्रोतहरुसँग सम्बद्ध परम्परागत ज्ञान प्रदान गर्न उपयुक्त, प्रभावकारी तथा सापेक्ष कानुनी, प्रशासकीय वा नीतिगत उपायहरु लिदैँ पूर्व सूचना सहमति वा आदिवासी तथा स्थानीय समुदायहरुको संलग्नता तथा स्वीकृति बमोजिम एवं आदिवासी तथा स्थानीय समुदायहरु रहेका स्थानमा पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी स्वदेशी कानुन वा अन्य पक्षको नियमनका आवश्यकताहरुलाई ध्यान दिई आपसमा मन्जुर गरिएको स्थापित शर्तहरु बमोजिम पहुँच पु¥याउने छन् ।

२. पक्षहरुले माथि अनुच्छेद १ बमोजिम स्वीकारेका उपायहरुको पालना नभएको अवस्थालाई सम्बोधन गर्न उपयुक्त, प्रभावकारी तथा सापेक्ष उपायहरु लिनेछन् ।

३. पक्षहरुले माथि अनुच्छेद १ मा उल्लिखित पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी स्वदेशी कानुन वा नियमन आवश्यकताहरुको उल्लङ्घन भएमा सकेसम्म र उपयुक्ततानुसार मिलेर काम गर्नेछन् ।

धारा-१७

## आनुवंशिक स्रोतको उपयोग सम्बन्धी अनुगमन

१. उपयुक्ततानुसार प्रत्येक पक्षले पालनालाई सहयोग तथा आनुवंशिक स्रोतहरुको उपयोगबारेमा पारदर्शीता बढाउन अनुगमन सम्बन्धी उपयुक्त उपायहरु लिनेछन् । यस्ता उपायहरुमा देहायका कुराहरु समावेश हुनेछन्ः

क) देहायबमोजिम एक वा धेरै परिक्षणकेन्द्रहरु (checkpoints) तोक्नेः

अ) तोकिएका जाँच्नेकेन्द्रहरु उपयुक्ततानुसार पूर्व सूचना सहमतिसँग सम्बद्ध, आनुवंशिक स्रोतको उद्गम सम्बन्धी, आपसमा मन्जुर गरिएका स्थापित शर्तहरु र/वा उपयुक्ततानुसार आनुवंशिक स्रोतहरुको उपयोग सम्बन्धी सूचना सङ्कलन वा प्राप्त गर्नेछन्;

आ) प्रत्येक पक्षले उपयुक्ततानुसार तथा तोकिएको परिक्षण केन्द्रको विशेष चरित्रमा निर्भर रहेर माथि प्रकरणमा उल्लेख भएबमोजिम तोकिएका परिक्षण केन्द्रबाट आनुवंशिक स्रोतहरुको उपभोक्तालाई विशेष सूचना प्रदान गर्नेछन् । प्रत्येक पक्षले पालना नभएको अवस्थालाई सम्बोधन गर्न उपयुक्त, प्रभावकारी तथा सापेक्ष उपायहरु लिनेछन्;

इ) यस्ता सूचना लगायत उपलब्ध भएसम्म पालना सम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त प्रमाणपत्र, गोप्य सूचनाको संरक्षणमा हानी नपुर्‍याई सम्बन्धित राष्ट्रिय अधिकारी वर्ग, पूर्व सूचना सहमति प्रदान गर्ने पक्ष एवं उपयुक्ततानुसार पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी सूचना केन्द्रलाई प्रदान गरिनेछ;

ई) परिक्षणकेन्द्रहरु प्रभावकारी हुनुपर्छ तथा माथि अनुच्छेद (अ) को कार्यान्वयनसँग सम्बद्ध कार्यहरु हुनुपर्छ । तिनीहरु आनुवंशिक स्रोतहरुको उपयोग वा अनुसन्धान, विकास, नयाँ परिवर्तनकारी कार्य, पुर्व व्यावसायीकरण वा व्यावसायीकरण लगायतका सूचनाको सङ्कलनसँग सम्बन्धित हुनुपर्नेछ ।

ख) आनुवंशिक स्रोतहरुको उपभोक्ता तथा प्रदायकलाई आपसमा मन्जुर गरिएका शर्तहरुका प्रावधानहरु समावेश गर्न प्रोत्साहन दिँदै यस्ता शर्तहरुको कार्यान्वयनमा सूचना आदानप्रदान लगायत प्रतिवेदनद्वारा (reporting) पेश गर्नु पर्ने पक्ष समावेश गर्ने; तथा

ग) कम लागतका सञ्चार माध्यम तथा प्रणालीको प्रयोगलाई प्रोत्साहन गर्ने ।

२. अभिसन्धिको धारा ६, अनुच्छेद ३ (ङ) बमोजिम दिइएको अनुमतिपत्र वा सो समानको कागजात एवं पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी सूचना केन्द्रलाई उपलब्ध गराइएको सामग्री पालना सम्बन्धी अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त प्रमाणपत्र हुनेछ ।

३. अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त पालनाको प्रमाणपत्रले आनुवंशिक स्रोतहरु पूर्व सूचना सहमति बमोजिम पहुँच भएका र आपसमा मन्जुर गरिएका शर्तहरुको स्थापना भएको प्रमाणित गर्दै पूर्व सूचना सहमति प्रदान गर्ने पक्षको पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी आफ्नो देशको कानुन वा नियमनका आवश्यकताहरु आवश्यक भएमा प्रमाणको रूपमा कार्य गर्नेछ ।

४. गोप्य नभएको अवस्थामा अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त प्रमाणपत्रमा न्यूनतम देहायका सूचना रहने छन्:

क) [प्रमाणपत्र] जारी गर्ने अधिकारी;

ख) [प्रमाणपत्र] जारी भएको मिति;

ग) प्रदायक;

घ) प्रमाणपत्रको विशिष्ट पहिचानकर्ता;

ङ) पूर्व सूचना सहमति दिइएको व्यक्ति वा [अस्तित्व रहेको] संस्था;

च) प्रमाणपत्रले समेटेको विषय वस्तु वा आनुवंशिक स्रोत;
छ) आपसमा मन्जुर गरिएका शर्तहरु स्थापित भएको पुष्टी;
ज) पूर्व सूचना सहमति प्राप्त गरेको पुष्टी; तथा
झ) व्यावसायिक र/वा गैर व्यावसायिक प्रयोग ।

## धारा-१८
## **आपसमा मन्जुर गरिएका शर्तहरुको पालना**

१. धारा ६, अनुच्छेद ३ (छ), (झ) र धारा ७ को कार्यान्वयनका लागि प्रत्येक पक्षले आनुवंशिक स्रोतहरु तथा आनुवंशिक स्रोतहरुसँग सम्बन्धित परम्परागत ज्ञानका प्रदायक र उपभोक्तालाई आपसमा मन्जुर गरिएका शर्तहरुका प्रावधानरु समावेश गर्न एवं उपयुक्ततानुसार विवादका समाधानहरु लगायत देहायका कार्यमा प्रोत्साहन गर्नेछः

क) विवाद समाधानका प्रक्रियाहरु अधिनमा रहने क्षेत्राधिकार;
ख) लागु हुने कानुन; र/वा
ग) विवाद समाधानमा मध्यस्थता वा मध्यस्थकर्ता जस्ता वैकल्पिक विकल्पहरु ।

२. प्रत्येक पक्षले आपसमा मन्जुर गरिएका शर्तहरुमा विवाद आएमा लागु हुने क्षेत्राधिकारका आवश्यकतासँग मिल्दो तथा आफ्नो कानुनी प्रणाली बमोजिम सहायता लिने अवसरको खोजी सुनिश्चित गर्नेछन् ।

३. उपयुक्ततानुसार प्रत्येक पक्षले देहायका पक्षमा प्रभावकारी उपायहरु लिनेछः

क) न्यायमा पहुँच; तथा
ख) संयन्त्रको उपयोग सम्बन्धमा आपसी सम्मान तथा विदेशी न्यायिक फैसला लागु गर्ने एवं मध्यस्थता सम्बन्धी पारीतोसीका (arbitral awards)।

४. यो धाराको प्रभाकारितालाई यस अभिसन्धिको धारा ३१ बमोजिम पक्षहरुको सम्मेलनको कार्य गर्ने पक्षहरुको बैठकले पुनरावलोकन गर्नेछ ।

धारा-१९
## नमुना अनुवन्धका दफाहरु

१. उपयुक्ततानुसार प्रत्येक पक्षले आपसमा मन्जुर गरिएको शर्तहरुका लागि क्षेत्रगत तथा अन्तरक्षेत्रगत (cross-sectoral) नमुना अनुवन्धका दफाहरुको विकास, अध्यावधि र प्रयोग गर्न प्रोत्साहित गर्नेछन् ।

२. यस अभिसन्धिको पक्षहरुको सम्मेलनको कार्य गर्ने पक्षहरुको बैठकले आवधिक रूपमा क्षेत्रगत तथा अन्तरक्षेत्रगत नमुना अनुवन्धका दफाहरुको प्रयोग हेर्नेछ ।

धारा-२०
## आचार संहिता, निर्देशिका, राम्रा अभ्यास तथा मापदण्डहरु

१. उपयुक्ततानुसार प्रत्येक पक्षले पहुँच तथा लाभको बाँडफाँड सम्बन्धमा स्वैच्छिक आचार संहिता, निर्देशिका तथा सबैभन्दा राम्रा अभ्यास र/वा मापदण्डहरुको विकास, अध्यावधि र प्रयोग गर्न प्रोत्साहित गर्नेछ ।

२. यस अभिसन्धिका पक्षहरुको सम्मेलनको कार्य गर्ने पक्षहरुको बैठकले आवधिक रूपमा स्वैच्छिक आचार संहिता, निर्देशिका तथा सबैभन्दा राम्रा अभ्यास र/वा मापदण्डहरु प्रयोग गरेको हेर्ने तथा स्वैच्छिक आचार संहिता, निर्देशिका तथा सबैभन्दा राम्रा अभ्यास र/वा मापदण्डहरु ग्रहण गर्न ध्यान दिनेछ ।

धारा-२१
## सचेतना वृद्धि

१. प्रत्येक पक्षले आनुवंशिक स्रोतहरु तथा आनुवंशिक स्रोतहरुसँग सम्बन्धित परम्परागत ज्ञानको महत्त्व लगायत पहुँच तथा लाभको बाँडफाँडका सबालमा जानकारी अभिवृद्धि गर्न उपायहरु लिनेछन् । यस्ता उपायहरुमा, अन्य कुराको अतिरिक्त, देहायका कुराहरु समावेश हुनेछन्:
   क) यो अभिसन्धि लगायत यसका उद्देश्यको प्रवर्द्धन;
   ख) आदिवासी तथा स्थानीय समुदायहरु एवं सम्बद्ध सरोकारवालाहरुको बैठकको आयोजना;
   ग) आदिवासी तथा स्थानीय समुदायहरु एवं सम्बद्ध सरोकारवालाहरुका लागि सहायता स्थल (desk) को स्थापना तथा कायम;

घ) राष्ट्रिय सूचना केन्द्र मार्फत सूचना प्रवाह;

ङ) आदिवासी तथा स्थानीय समुदायहरु एवं सम्बद्ध सरोकारवालाहरुसँग परामर्श गरी स्वैच्छिक आचार संहिता, निर्देशिका तथा सबैभन्दा राम्रा अभ्यास र/वा मापदण्डहरुको प्रवर्द्धन;

च) उपयुक्त, घरेलु, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अनुभवको आदानप्रदानको प्रवर्द्धन;

छ) आनुवंशिक स्रोतहरु तथा आनुवंशिक स्रोतहरुसँग सम्बन्धित परम्परागत ज्ञानका बारेमा पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी प्रतिवद्धता बारेमा उपभोक्ताहरु र प्रदायकहरुलाई शिक्षा तथा तालिम;

ज) यस अभिसन्धिको कार्यान्वयनका लागि आदिवासी तथा स्थानीय समुदायहरु एवं सम्बद्ध सरोकारवालाहरुको संलग्नता; र

झ) आदिवासी तथा स्थानीय समुदायका सामुदायिक प्रक्रिया (protocol) तथा कार्यविधि बारेमा सचेतना अभिवृद्धि ।

धारा-२२

**क्षमता**

१. पक्षहरुले विकासशील मुलुक पक्षहरु लगायत मुख्यतया अति कम विकसित राष्ट्रहरु र साना टापु राष्ट्रहरु तथा आर्थिक स्थिति परिवर्तनको क्रममा रहेका राष्ट्रहरुमा यस अभिसन्धिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक मानवीय तथा संस्थागत क्षमता बढाउन, विकास गर्न तथा सुदृढ गर्न विद्यमान विश्वस्तरीय, क्षेत्रीय, उप-क्षेत्रीय र राष्ट्रिय संस्था तथा सङ्गठनहरुसँग समेत मिलेर कार्य गर्नेछन् । यस परिप्रेक्ष्यमा, पक्षहरुले आदिवासी तथा स्थानीय समुदायहरु एवं सम्बद्ध सरोकारवालाहरु लगायत गैर सरकारी सङ्घसंस्थाहरु तथा नीजि क्षेत्रको संलग्नतालाई सहज वनाउने छन् ।

२. पक्ष भएका विकासशील मुलुकहरु लगायत मुख्यतया अति कम विकसित राष्ट्रहरु र साना टापु राष्ट्रहरु तथा आर्थिक स्थिति परिवर्तनको क्रममा रहेका राष्ट्रहरुले महासन्धिको सम्बद्ध प्रावधानहरु बमोजिम आर्थिक स्रोतका आवश्यकतालाई यस अभिसन्धि कार्यान्वयनका लागि क्षमता बढाउन र विकास गर्न पूर्ण ध्यान दिनेछन् ।

३. यो अभिसन्धिको कार्यान्वयनको सन्दर्भमा लिइने उपयुक्त उपायहरुका आधारमा पक्ष भएका विकासशील मुलुकहरु लगायत मुख्यतया अति कम विकसित राष्ट्रहरु र साना टापु राष्ट्रहरु तथा आर्थिक स्थिति परिवर्तनको क्रममा रहेका राष्ट्रहरुले राष्ट्रिय क्षमता स्वमूल्याङ्कन गरी आफ्नो क्षमताको आवश्यकता तथा प्राथमिकतालाई पहिचान गर्नु पर्नेछ । यसो गर्दा, यी पक्षहरुले आफैले पहिचान गरे अनुसार आदिवासी तथा स्थानीय समुदायहरु एवं सम्बद्ध सरोकारवालाहरुको क्षमताको आवश्यकता तथा प्राथमिकता बारेमा महिलाको क्षमताको आवश्यकता तथा प्राथमिकतामा जोड दिँदै सहयोग गर्नु पर्दछ ।

४. यस अभिसन्धिको कार्यान्वयनमा सहयोग गर्दा, क्षमता बढाउँदा र विकास गर्दा अन्यकुराको अतिरिक्त देहायका मुख्य क्षेत्रमा सम्बोधन गर्न सकिनेछः

क) यस अभिसन्धिको प्रतिबद्धताको कार्यान्वयन तथा पालना गर्ने क्षमता;

ख) आपसमा मन्जुर गरिएका शर्तहरुमा वार्ता गर्ने क्षमता;

ग) पहुँच तथा लाभको बाँडफाँड सम्बन्धमा देशको कानुन, प्रशासकीय वा नीतिगत उपायहरुको विकास, कार्यान्वयन र लागु गर्ने क्षमता; र

घ) आफ्नो आनुवंशिक स्रोतमा मूल्य थप गर्नका लागि राष्ट्रहरुमा नै अनुसन्धान सामर्थताको विकास गर्ने क्षमता ।

५. माथि उल्लिखित अनुच्छेदहरु १ देखि ४ बमोजिमका उपायहरुमा, अन्य कुराको अतिरिक्त, देहायका कुरा समावेश गर्न सकिनेछः

क) कानुनी तथा संस्थागत विकास;

ख) वार्तामा आपसमा मन्जुर गरिएका शर्त जस्ता विषयमा वार्ता गर्न तालिम दिदैं न्याय (समता वा निष्पक्षता) र स्वच्छताको प्रवर्द्धन;

ग) पालनाको अनुगमन तथा लागु;

घ) पहुँच र लाभको बाँडफाँड सम्बन्धी कार्यहरुमा उपलब्ध भएसम्मका सञ्चारका राम्रा साधन तथा इन्टरनेटमा आधारित प्रणालीको प्रयोग;

ङ) मूल्याङ्कन गर्ने विधिको विकास तथा प्रयोग;

च) जैविक शोध र त्यसबाट हुने जैविक खोजको व्यापारिक सम्भावना (bioprospecting) तथा सम्बन्धित अनुसन्धान र जीव वर्गीकरण (taxonomic) अध्ययन;

छ) प्रविधि हस्तान्तरण र पूर्वाधार तथा यस्ता प्रविधिको दिगो हस्तान्तरण सम्बन्धी प्राविधिक क्षमता;

ज) जैविक विविधताको संरक्षण तथा यसका सम्पूरक अङ्गहरुको दिगो उपयोगका लागि पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी क्रियाकलापहरुको योगदानमा वृद्धि;

झ) पहुँच तथा लाभको बाँडफाँड सम्बन्धमा सम्बद्ध सरोकारवालाहरुको क्षमता वृद्धि गर्ने विशेष उपायहरु; र

ञ) आनुवंशिक स्रोतमा पहुँच र/वा आनुवंशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञानका बारेमा समुदायका महिलाहरुको क्षमता वृद्धिमा जोड दिदैं आदिवासी तथा स्थानीय समुदायको क्षमता वृद्धि गर्ने विशेष उपायहरु।

६. माथि अनुच्छेदहरु १ देखि ५ बमोजिम राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा क्षमता बढाउन र विकास गर्न एवं पहुँच तथा लाभको बाँडफाँडका लागि क्षमता बढाउन तथा विकास गर्न एवं समन्वय र संयुक्त कार्य (synergy) प्रवर्द्धन गर्न पहुँच तथा लाभको बाँडफाँड वारेको सूचना केन्द्रलाई सूचना प्रदान गर्नु पर्नेछ।

## धारा-२३
## **प्रविधि हस्तान्तरण, सहकार्य तथा सहयोग**

महासन्धिको धारा १५, १६, १८ र १९ बमोजिम पक्षहरुले यस अभिसन्धिको उद्देश्य प्राप्तिका लागि प्राविधिक तथा वैज्ञानिक अनुसन्धान तथा विकास कार्यक्रम लगायत जैविकप्रविधि अनुसन्धान कार्यहरुमा सहयोग एवं सँगै काम गर्नेछन्। पक्षहरुले महासन्धि र यस अभिसन्धिको उद्देश्यहरु बमोजिम भरपर्दो र कार्यरूपमा सफल हुन सक्ने प्रविधि र वैज्ञानिक आधारको विकास र सुदृढिकरणका लागि विकासशील मुलुक पक्षहरु लगायत मुख्यतया अति कम विकसित राष्ट्रहरु र साना टापु राष्ट्रहरु तथा आर्थिक स्थिति परिवर्तनको क्रममा रहेका राष्ट्रहरुमा प्रविधिमा पहुँच पुऱ्याउन, र प्रविधिको हस्तान्तरण गर्ने कार्यमा प्रवर्द्धन तथा प्रोत्साहन गर्नेछन्। सम्भव तथा उपयुक्त भएसम्म आनुवंशिक स्रोतहरुको उत्पत्ति भएका प्रदायक देश वा देशहरु वा महासन्धिको प्रावधान बमोजिम आनुवंशिक स्रोतहरु प्राप्त गर्ने पक्ष वा पक्षहरुबिच सहकार्य हुनेछ।

## धारा-२४
## **गैर पक्षहरु**

पक्षहरुले पक्ष नभएका देशहरु (गैर पक्षहरु) लाई यो अभिसन्धि अनुसरण गर्न र पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी सूचना केन्द्रलाई उपयुक्त सूचना प्रदान गर्न प्रोत्साहन गर्छन्।

## धारा-२५
## **आर्थिक संयन्त्र तथा स्रोतहरु**

१. यस अभिसन्धिको कार्यान्वयनको लागि आर्थिक स्रोतहरुलाई ध्यानमा राख्दै पक्षहरुले महासन्धिको धारा २० को प्रावधानलाई ध्यान दिनेछन् ।

२. महासन्धिको आर्थिक संयन्त्रनै यो अभिसन्धिको आर्थिक संयन्त्र हुनेछ ।

३. यो अभिसन्धिको धारा २२ मा उल्लिखित क्षमता बढाउने तथा विकास गर्ने सम्बन्धमा यो अभिसन्धिको पक्षहरुको बैठकका रूपमा काम गर्ने पक्षहरुको सम्मेलनले माथि अनुच्छेद २ मा उल्लिखित आर्थिक संयन्त्रका बारेमा पक्षहरुको सम्मेलनले ध्यान दिन मार्गदर्शन प्रदान गर्दा विकासशील मुलुक पक्षहरु लगायत मुख्यतया अति कम विकसित राष्ट्रहरु र साना टापु राष्ट्रहरु तथा आर्थिक स्थिति परिवर्तनको क्रममा रहेका राष्ट्रहरुको आर्थिक स्रोत लगायत आदिवासी तथा स्थानीय समुदाय र ती समुदायभित्रका महिलाको क्षमता र प्राथमिकताका आवश्यकतालाई ध्यान दिनेछ ।

४. माथि उल्लिखित अनुच्छेद १ को सन्दर्भमा, पक्षहरुले यस अभिसन्धिको कार्यान्वयनका लागि विकासशील मुलुक पक्षहरु लगायत मुख्यतया अति कम विकसित राष्ट्रहरु र साना टापु राष्ट्रहरु तथा आर्थिक स्थिति परिवर्तनको क्रममा रहेका राष्ट्रहरुका क्षमता बढाउन र विकासका आवश्यकताको पहिचान र कार्यान्वयन सम्बन्धी प्रयासहरुलाई ध्यान दिनेछन् ।

५. पक्षहरुको सम्मेलनको निर्णय तथा यस अभिसन्धि ग्रहण गर्नु पूर्व भएका निर्णय बमोजिम महासन्धिको आर्थिक संयन्त्रलाई दिइएको मार्गदर्शन यही धाराको प्रावधान बमोजिम भएको मानिने छ ।

६. विकसित पक्ष राष्ट्रहरुले, र विकासशील पक्ष राष्ट्रहरु तथा आर्थिक स्थिति परिवर्तनको क्रममा रहेका पक्षहरुले आफैंले उपलब्ध गराउने गरी यस अभिसन्धिका प्रावधानहरुको कार्यान्वयनका लागि आर्थिक तथा अन्य स्रोतहरु द्विपक्षीय, क्षेत्रीय वा बहुपक्षीय माध्यम मार्फत प्रदान गर्न सक्नेछन् ।

धारा-२६

## अभिसन्धिको पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलन

१. पक्षहरुको सम्मेलनले यस अभिसन्धिको पक्षहरुको बैठकको रूपमा काम गर्नेछ ।

२. यस अभिसन्धिको पक्ष नभएका महासन्धिका पक्षहरुले यस अभिसन्धिको पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनको कुनै पनि बैठकका कामकार्बाहीहरुमा पर्यवेक्षकको रूपमा भाग लिन सक्नेछन् । यस अभिसन्धिको पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनले यो अभिसन्धि अन्तर्गतका निर्णयहरु यस अभिसन्धिका पक्षहरुले मात्रै लिनेछन् (कार्यान्वयन गर्नेछन्) ।

३. जुन बेला पक्षहरुको सम्मेलनले यस अभिसन्धिको पक्षहरुको बैठकको रूपमा काम गर्नेछ, महासन्धिको कुनै पक्षको प्रतिनिधित्व गर्ने पक्षहरुको सम्मेलनको सरकारी कार्यालय (bureau) को कुनै सदस्य त्यस बखत अभिसन्धिको पक्ष नरहेको अवस्थामा यस अभिसन्धिको पक्षहरु मध्येबाट निर्वाचित हुने कुनै सदस्यबाट त्यस्तो सदस्य प्रतिस्थापित हुनेछ ।

४. यस अभिसन्धिको पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनले यस अभिसन्धिको कार्यान्वयनमा नियमित पुनरावलोकन गर्नेछ र आफ्नो अधिकार क्षेत्रभित्र रही यसको प्रभावकारी कार्यान्वयन प्रवर्द्धन गर्न निर्णयहरु लिनेछ । सो बैठकले अभिसन्धिद्वारा तोकेका कार्यहरु सम्पादन गर्नेछ र यसले:

क) यस अभिसन्धिको कार्यान्वयनका लागि आवश्यक कुनै पनि विषयमा सिफारिस गर्नेछ;

ख) यस अभिसन्धिको कार्यान्वयनका लागि आवश्यक देखिएमा सहायक अङ्गहरु स्थापना गर्नेछ;

ग) उपयुक्ततानुसार सेवा र सहयोग एवं सक्षम अन्तर्राष्ट्रिय सङ्गठनहरु तथा अन्तर सरकारी एवं गैर सरकारी निकायहरुबाट प्रदान गरिएको सूचना खोज्ने एवं प्रयोग गर्नेछ;

घ) यस अभिसन्धिको धारा २९ बमोजिम पेश भएको सूचनाको वितरणका प्रकार तथा अन्तराल स्थापना गर्ने तथा कुनै सहायक अङ्गबाट पेश भएको यस्तो सूचना एवं प्रतिवेदनमा ध्यान दिनेछ;

ङ) यस अभिसन्धि तथा यसको अनुसूची आवश्यकतानुसार संशोधनहरु गर्न एवं अभिसन्धिको कार्यान्वयनका लागि थप अनुसूचीहरु आवश्यक परेमा ध्यान दिनेछ तथा ग्रहण गर्नेछ; र

च) यस अभिसन्धिको कार्यान्वयनका लागि आवश्यकतानुसार अन्य कार्यहरुको अभ्यास गर्नेछ ।

५. पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनले सर्बसम्मतबाट अन्यथा निर्णय गरेकोमा बाहेक पक्षहरुको सम्मेलनको कार्यविधिका नियमहरु तथा महासन्धिका आर्थिक नियम यस अभिसन्धि अन्तर्गत लागु हुनेछन् ।

६. यस अभिसन्धिका पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनको पहिलो बैठक यो अभिसन्धि लागु भएको मिति पछि हुने पक्षहरुको सम्मेलनको पहिलो बैठकसँगै सचिवालयले बोलाउनेछ । यस अभिसन्धिका पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनको त्यस पछाडिका साधारण बैठकहरु यस अभिसन्धिको पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनबाट अन्यथा निर्णय भएकोमा बाहेक पक्षहरुको सम्मेलनका साधारण बैठकहरुसँगै हुनेछन् ।

७. यस अभिसन्धिका पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनका विशेष बैठकहरुले यस अभिसन्धिको पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनले आवश्यक ठानेको वखत वा कुनै पक्षको लिखित अनुरोधमा हुनेछ तर सचिवालयबाट पक्षहरुलाई त्यस्तो अनुरोध जानकारी गराइएको छ (६) महिनाभित्र सो अनुरोधलाई पक्षहरुको एकतिहाइले समर्थन गर्नु पर्नेछ ।

८. संयुक्त राष्ट्रसङ्घ, यसका विशिष्टीकृत निकायहरु तथा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी एवं महासन्धिको पक्ष नभएका कुनै सदस्य राष्ट्र वा पर्यवेक्षकहरुले यस अभिसन्धिका पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनका बैठकहरुमा पर्यवेक्षकको हैसियतमा प्रतिनिधित्व गर्न सक्नेछन् । यस अभिसन्धिमा समावेश भएका विषयहरुमा योग्य भएका र यस अभिसन्धिका बैठकमा पर्यवेक्षकको हैसियतमा आफ्नो प्रतिनिधित्व गर्न इच्छा गर्ने जानकारी सचिवालयलाई गराइएका कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय सरकारी वा गैर सरकारी संस्था वा एजेन्सीले उपस्थित पक्षहरुको कम्तिमा एक तिहाइले आपत्ति गरेको अवस्थामा बाहेक त्यस्तो हैसियतमा प्रवेश गर्न सक्नेछन् । पर्यवेक्षकहरुको प्रवेश तथा सहभागिता माथि अनुच्छेद ५ मा उल्लेख भए बमोजिमको कार्यविधिका नियमावलीको अधिनमा रही हुनेछ ।

धारा-२७

## सहायक अङ्गहरु

१. महासन्धि अन्तर्गत वा महासन्धिद्वारा स्थापित कुनै पनि सहायक अङ्गले पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनको निर्णयहरुसमेतको आधारमा यस अभिसन्धिको सहायक अङ्गको रूपमा कार्य गर्नेछन् । यस्ता निर्णयमा के के कार्यहरु सम्पादन गर्ने भन्ने उल्लेख हुनेछ ।

२. यस अभिसन्धिका पक्ष नभएका महासन्धिका पक्षहरुले सहायक अङ्गहरुको कुनै पनि बैठकका कामकार्बाहीहरुमा पर्यवेक्षकको रूपमा भाग लिन सक्नेछन् । महासन्धिका सहायक अङ्गहरुले यस अभिसन्धिको सहायक अङ्गको रूपमा काम गरेका बखत यस अभिसन्धि अनुसारका निर्णयहरु यस अभिसन्धिका पक्षहरुले मात्र लिनेछन् ।

३. जुन बखत महासन्धिको सहायक अङ्गले यस अभिसन्धिसँग सम्बन्धित काम गर्नेछ महासन्धिको कुनै पक्षको प्रतिनिधित्व गर्ने सहायक अङ्गको सरकारी कार्यालय (bureau) को कुनै सदस्य त्यस बखत अभिसन्धिको पक्ष नरहेको भएमा यस अभिसन्धिका पक्षहरु मध्येबाट निर्वाचित हुने कुनै सदस्यबाट त्यस्तो सदस्य प्रतिस्थापित हुनेछ ।

धारा-२८

## सचिवालय

१. महासन्धिको धारा २४ बमोजिम स्थापित सचिवालयले यस अभिसन्धिको सचिवालयको रूपमा काम गर्नेछ ।

२. महासन्धिको धारा २४, अनुच्छेद १ मा उल्लिखित सचिवालयको कामहरु यस अभिसन्धिमा लागु हुनेछ ।

३. स्पष्ट व्यवस्था भएसम्मको अवस्थामा यस अभिसन्धिको सचिवालय सेवाको खर्च पक्षहरुले ब्यहोर्नेछन् । यस अभिसन्धिका पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनले आफ्नो पहिलो बैठकमा आवश्यक बजेटको व्यवस्था सम्बन्धमा निर्णय लिनेछ ।

धारा-२९

## अनुगमन तथा प्रतिवेदन प्रस्तुती

प्रत्येक पक्षले यस अभिसन्धि अन्तर्गतका प्रतिबद्धताको कार्यान्वयनको अनुगमन गर्नेछ र यस अभिसन्धिका पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनद्वारा निर्धारण गरिएको समय र ढाँचामा यस अभिसन्धि कार्यान्वयनका लागि आफुले अपनाएका उपायहरु यस अभिसन्धिका पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलन समक्ष प्रतिवेदन प्रस्तुत गर्नेछ ।

धारा-३०

## अभिसन्धिको पालना प्रवर्द्धनका लागि कार्यविधि तथा संयन्त्र

यस अभिसन्धिका पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनले पहिलो बैठकमा यस अभिसन्धिका प्रावधानहरुको पालना प्रवर्द्धन गर्न तथा पालना नभएका मामला (घटना) लाई सम्बोधन गर्न सहकार्यका कार्यविधि तथा संस्थागत संयन्त्रहरुवारे ध्यान दिँदै निर्णय लिनेछ । यी कार्यविधिहरु र संयन्त्रहरुमा उपयुक्ततानुसार सल्लाह वा सहयोग गर्ने प्रावधानहरु हुनेछन् । ती कार्यविधि तथा संयन्त्रहरु विना पूर्वाग्रह महासन्धिको धारा २७ अन्तर्गतको विवाद समाधानका कार्यविधिहरु र संयन्त्रहरुभन्दा फरक हुनेछन् ।

धारा-३१

## मूल्याङ्कन तथा पुनरावलोकन

यस अभिसन्धिका पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनले यस अभिसन्धि लागु भएको चार वर्षपछि र त्यसपछि यस अभिसन्धिका पक्षहरुको बैठकको रूपमा काम गर्ने पक्षहरुको सम्मेलनले निर्धारण गरेको समयमा यस अभिसन्धिको प्रभावकारिता बारेमा मूल्याङ्कन गर्नेछ ।

धारा-३२

## हस्ताक्षर

महासन्धिका पक्षहरुबाट हस्ताक्षरका लागि प्रस्तुत अभिसन्धि संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालय न्यूयोर्कमा २ फेब्रुअरी २०११ देखि १ फेब्रुअरी २०१२ सम्म खुला रहनेछ ।

धारा-३३
## प्रारम्भ

१. महासन्धिको पक्ष रहेका राज्य वा क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनले अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको पचास (५०)औं लिखत दाखिला गरेको मितिले नब्बे (९०)औं दिनमा यस अभिसन्धि लागु हुनेछ ।

२. अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको पचासौं लिखत दाखिला भएपछि प्रस्तुत अभिसन्धि अनुमोदन, स्वीकार, समर्थन गर्ने वा त्यसमा सम्मिलित हुने पक्षले आफ्नो अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले अनुच्छेद १ मा उल्लेख भएअनुसार नब्वे (९०)औं दिनमा राष्ट्र वा क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनमा यस अभिसन्धि लागु हुनेछ वा सो पक्षको लागि प्रस्तुत महासन्धि लागु हुने दिनमध्ये जुन पछिल्लो हुन्छ सोही दिनमा राष्ट्र वा क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनमा यस अभिसन्धि लागु हुनेछ ।

३. माथि उल्लिखित अनुच्छेद १ र २ का प्रयोजनका लागि कुनै क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनले दाखिला गरेको कुनै लिखतलाई त्यस्तो सङ्गठनका सदस्य राष्ट्रहरुबाट दाखिला गरिएको लिखतमा थप भएको लिखतको रूपमा गणना गरिने छैन ।

धारा-३४
## आरक्षण

यस अभिसन्धिमा आरक्षण राख्न सकिने छैन ।

धारा-३५
## अलग हुने

१. कुनै पक्षको हकमा यस अभिसन्धि लागु भएको मितिले दुई वर्षपछि कुनै पनि समयमा त्यस्तो पक्षले अभिलेख्य (depository) लाई लिखित सूचना दिई यस अभिसन्धिबाट अलग हुन (फिर्ता हुन) सक्नेछ ।

२. अभिसन्धिबाट अलग हुने यस्तो कुनै कार्य अभिलेख्यले अलग हुने सूचना प्राप्त गरेको एक वर्ष व्यतित भइ सकेपछि वा अलग हुने सूचनामा उल्लेख गरेको (भएको) भए सोभन्दा पछिको मितिदेखि लागु हुनेछ ।

धारा-३६
## प्रामाणिक प्रतिहरु

अरबी, चिनिया, अङ्ग्रेजी, फ्रान्सेली, रुसी तथा स्पेनी भाषाका यस अभिसन्धिका मूल प्रतिहरु समानरूपले प्रामाणिक रहेका छन् र संयुक्त राष्ट्रसङ्घका महासचिव समक्ष दाखिला गरिने छन् ।

प्रस्तुत अभिसन्धि हस्ताक्षर गर्नका लागि रितपूर्वक अख्तियारी पाएको उल्लिखित मितिमा तल हस्ताक्षर गर्ने व्यक्तिले यो अभिसन्धि हस्ताक्षर गरेकाछन् ।

नागोयामा उनान्तिस अक्टोवर दुई हजार दस (29 October, 2010) का दिन सम्पन्न भयो ।

## अनुसूची
## मौद्रिक तथा गैरमौद्रिक लाभहरु

१. देहायमा सीमित नरही देहायका पक्षहरु मौद्रिक लाभ अन्तर्गत पर्न सक्नेछन्:
   क) पहुँच शुल्क/प्रति नमुना सङ्कलन शुल्क वा अन्य तरिकाबाट प्राप्त;
   ख) कार्यारम्भ पूर्व दिइने भूक्तानी;
   ग) महत्त्वपूर्ण घटना (milestone) को भूक्तानी;
   घ) राजश्वको भूक्तानी;
   ङ) व्यावसायिकरण गरिएको स्थितिमा असूल गर्न अनुमति रकम (license fee);
   च) जैविक विविधताको संरक्षण तथा दिगो उपयोगमा सहयोगार्थ कोष (trust funds) को लागि तिरिने विशेष शुल्क;
   छ) आपसमा मन्जुर गरिए बमोजिम तलब तथा विशेष मान्यता दिइएको (preferencial) शर्तहरु;
   ज) अनुसन्धानको लागि कोष (रकम);
   झ) सबैको [सह] प्रयास (ventures);
   ञ) बौद्धिक सम्पत्तिको अधिकार सम्बद्ध सहस्वामित्व ।

२. देहायमा सीमित नरही देहायका पक्षहरु गैरमौद्रिक लाभ अन्तर्गत पर्न सक्नेछन्:

क) अनुसन्धान तथा विकासका उपलब्धीहरुको बाँडफाँड;

ख) सम्भव भएसम्म आनुवंशिक स्रोतहरुका प्रदायक पक्षमा वैज्ञानिक अनुसन्धान तथा विकास कार्यक्रमहरु मुख्यतया जैविकप्रविधि अनुसन्धान कार्यहरुमा सहकार्य, सहयोग तथा योगदान;

ग) उत्पादनको विकासमा सहभागिता;

घ) शिक्षा र तालिममा सहकार्य, सहयोग तथा योगदान;

ङ) आनुवंशिक स्रोतहरुको परस्थान (*ex situ*) सुविधाहरु तथा तथ्याङ्कहरुमा प्रवेश अनुमति;

च) आनुवंशिक स्रोतहरुको प्रदायकमा स्वच्छ (निष्पक्ष) र अत्यन्तै अनुकूल शर्तहरुमा तथा मन्जुर भए बमोजिम न्यून दर तथा विशेष मान्यता दिइएका (preferencial) शर्तहरु तथा मुख्यतया आनुवंशिक स्रोतहरु प्रयोग गरेको प्रविधि र ज्ञान एवं जैविकप्रविधि वा जैविक विविधताको संरक्षण र दिगो उपयोगसँग सम्बद्ध ज्ञान तथा प्रविधि हस्तान्तरण;

छ) प्रविधि हस्तान्तरणका लागि क्षमता सुदृढीकरण;

ज) संस्थागत क्षमता बढाउन;

झ) पहुँच सम्बन्धी नियमको प्रशासनिक र लागु गर्ने क्षमता सुदृढ गर्नका लागि मानवीय तथा सामग्री (वस्तुगत) सोतहरु;

ञ) आनुवंशिक स्रोतहरु प्रदान गर्ने राष्ट्रहरुको पूर्ण सहभागितामा तथा सम्भव भएसम्म यस्ता राष्ट्रहरुमा आनुवंशिक स्रोतहरु सम्बद्ध तालिम;

ट) जैविक विविधताको संरक्षण तथा दिगो उपयोग लगायत जैविक सूचिकरण (inventory) तथा पहिचान एवं वर्गीकरणको (taxonomy) अध्ययन सम्बद्ध वैज्ञानिक सूचनामा पहुँच;

ठ) स्थानीय आर्थिक अवस्थामा योगदान;

ड) आनुवंशिक स्रोतहरु प्रदान गर्ने पक्षमा आनुवंशिक स्रोतको घरेलु प्रयोगलाई ध्यान दिई स्वास्थ्य तथा खाद्य सूरक्षा जस्ता प्राथमिकताका आवश्यकतामा अनुसन्धान;

ढ) पहुँच तथा लाभको बाँडफाँड सम्बन्धी सम्झौता एवं सहकार्य भएका कार्यहरुबाट प्राप्त हुन सक्ने संस्थागत तथा व्यावसायिक सम्बन्ध;

ण) खाद्य तथा जीविकोपार्जन सूरक्षाका लाभहरु;

त) सामाजिक सम्मान;

थ) बौद्धिक सम्पत्तिको अधिकार सम्बद्ध सहस्वामित्व ।

## नेपाल सरकार, वन तथा भू–संरक्षण मन्त्रालय

जन सहभागिता मार्फत गरिबी न्यूनीकरण, वनजन्य उद्योगहरुको विकासद्वारा वन र जलाधार संरक्षण क्षेत्रको दीगो विकास, संरक्षित क्षेत्र व्यवस्थापन, जैविक विविधता संरक्षण र रोजगारी सिर्जना गर्ने प्रमुख लक्ष्य राख्ने नेतृत्वदायी निकायको रुपमा वन तथा भू-संरक्षण मन्त्रालय रहेको छ । जैविक स्रोतको संरक्षण, यसको दीगो सदुपयोग एवं प्राकृतिक स्रोतको उपयोग मार्फत प्राप्त हुने लाभाशको समन्यायीक बितरणको आवश्यकतामा ध्यान केन्द्रित गर्दै जैविक विविधताको संरक्षण र दीगो विकासलाई एकीकृत गर्ने कार्यमा यो मन्त्रालयले सहजीकरणको कार्य सम्पादन गर्दछ। यो मन्त्रालय जैविक विविधता महासन्धीका प्रावधानहरु कार्यान्वयन गर्न तोकिएको निकाय हो । जैविक विविधता महासन्धीले निर्धारण गरेका मुलुक भित्रको जैविक स्रोतको संरक्षण र दीगो उपयोगसंग सरोकार राख्ने नीति तथा कार्यक्रमहरुको तर्जुमा एवं कार्यान्वयन गर्ने प्रमुख अंग पनि यही मन्त्रालय नै हो। यसका अतिरिक्त जैविक विविधता महासन्धी र यसको सचिवालय एवं अन्य महासन्धीहरुसंग संचार सम्पर्क गर्ने र अन्य आवश्यक अभिलेखहरुको व्यवस्थापन गर्ने निकाय पनि यही मन्त्रालयनै हो । आफ्ना मातहतका ५ वटा विभागहरु र ५ वटै क्षेत्रीय वन निर्देशनालय मार्फत कार्यान्वयनमा गएका योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने कार्यपनि मन्त्रालयले सम्पादन गर्ने गर्दछ।

## व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र

व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकास्ट) को स्थापना त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) को सांगठनिक संरचना अर्न्तगत रहने गरि त्रि.वि. ऐन २०३३ अनुसार मिति २०३४ भाद्र २३ गते विधिवत रुपमा भएको हो । यो अनुसन्धान केन्द्र स्थापना भएदेखि नै व्यावहारिक विज्ञान, प्रविधि र आधारभूत विज्ञानको अनुसन्धात्मक गतिविधिहरु तर्फ उन्मुख भई आएको छ । मुलतः यो अनुसन्धान केन्द्र देशको सर्वाङ्गिण विकासको लागि आवश्यक आधारभूत प्रविधिहरुको पहिचान, प्रवर्द्धन र जगेर्ना गर्ने तर्फ सजग र जागरुक रहि आएको छ। यसका अलावा यस केन्द्रले कैलाश पवित्र तथा कंचनजंघा भूपरिधी कार्यक्रमहरुको राष्ट्रिय कोलाबोरेटरको रुपमा काम गर्दै आएको छ । रिकास्टका उद्देश्यहरु निम्न अनुसार छन्: स्वदेशी प्रविधिको अनुसन्धान, जगेर्ना, संरक्षण, उपयोग र विकास गरी तिनको माध्यमबाट देश विकासमा टेवा पुर्‍याउने; खासगरि नेपालका लागि उपयुक्त हुने विदेशी प्रविधिहरुको अनुसन्धान तथा त्यस्ता प्रविधिहरुको हस्तान्तरण सम्बन्धी प्राविधिक पक्षको उजागर गर्नु र त्रि. वि. को तर्फबाट आफ्ना अनुसन्धान मार्फत नेपालका दुर दराजका ग्रामिण जनताको हितका लागि त्यस्ता प्रविधिहरुलाई उपयोगमा ल्याउन नेपाल सरकारलाई अनुरोध एवं सिफारिस गर्ने; र आधारभूत एवं व्यावहारिक तथा प्रयोगात्मक विज्ञानको सिद्धान्त अन्तर्गत अनुसन्धान गर्ने ।

## अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द

ICIMOD

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड), सन् १९८३ मा स्थापित, एक गैर राजनैतिक अन्तरसरकारी संस्था हो। इसीमोडले हिन्दुकुश- हिमाली क्षेत्रका आठवटा राष्ट्रहरु- अफगानिस्तान, बंगलादेश, भूटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तानमा विश्वव्यापीकरण र जलवायू परिवर्तनका मुद्धाहरुमा कामगर्दै आएको छ। भूमण्डलीकरण र मौसम परिबर्तनको कमजोर हिमाली जैविक प्रणाली र हिमाली जनताको जीवनयापनको स्थिरता माथिको प्रभाव बढ्दोक्रममा छ । इसिमोडले हिमाली जनतालाई यस्तो परिबर्तनबारे बुझाउने, परिबर्तन अनुकुल जीवनयापन गराउने र विविध विषयहरुको सम्बोधनको क्रममा जतिसक्दो नयाँ अवसरहरुको सिर्जनागर्ने लक्ष्य राखेको छ। यसको प्रमुख कार्य वातावरणीय र आर्थिक दृष्टिकोणबाट स्वस्थ स्वच्छ हिमाली जैविक प्रणालीको विकास गर्ने र हिमाली जनताको जीवनस्तरको सुधार गर्ने तर्फ केन्द्रित रहेको छ।




**अनुवादक** : बटुकृष्ण उप्रेती

**विषयगत सम्पादन** : रामप्रसाद चौधरी र कृष्ण प्रसाद ओली

**भाषा सम्पादन** : रेणुका थापा

**सहयोगीहरु** : सागर रिमाल, चन्द्र कान्त सुवेदी, यादव उप्रेती, लक्ष्मी दत्त भट्ट, रोमराज लामिछाने, ईश्वरी प्रसाद पौडेल र केशव पौडेल

**धन्यवाद** : विश्वनाथ ओली र विजय राज पौडेल

**प्रकाशक:** कैलाश पवित्र भूपरिधी संरक्षण तथा विकास पहल नेपाल